**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक २७ गते बिहीबार ❑ 13 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## नेपाली कम्युनिष्ट पार्टी र मातृभूमि जागरण अभियानका बीचमा एकता

**रासस**
काठमाडौं, २६ कार्तिक

नेपाली कम्युनिष्ट पार्टी र मातृभूमि जागरण अभियान, नेपालबीच सशक्त र सुदृढ पार्टी निर्माण गर्न सङ्गठनात्मक एकीकरण गर्ने सहमति भएको छ।

नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपाल तथा जागरण अभियानका प्रस्तावक भीम रावलबीच आज पार्टी एकता गर्नेसम्बन्धी सातबुँदे सहमति भएको हो । सहमतिसँगै काठमाडौँको राष्ट्रियसभा गृहमा पार्टी एकता घोषणा सभा सुरु भएको छ। जनताको हित, राष्ट्रिय सार्वभौमिकता, एकता, स्वाधीनता, अखण्डता, स्वाभिमान तथा आत्मनिर्णयको अधिकारलाई अक्षुण्ण राख्दै बाह्य हस्तक्षेप र दबाबबाट मुक्त राजनीति, राष्ट्रिय अर्थतन्त्र एवं संस्कृतिको मार्गमा अग्रसर रहने दुई पार्टीबीच सहमति भएको छ। यस्तै समाजवाद एवं सामाजिक न्यायको मान्यतामा आधारित आर्थिक-सामाजिक रुपान्तरण र समृद्धिको लागि कटिबद्ध रहने, आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशन गर्ने सहमति पत्रमा उल्लेख छ।




महाधिवेशनको मिति र स्थान सचिवालयले यथाशीघ्र निर्धारण गर्ने, सबै तहमा र मातृभूमि जागरण अभियान, नेपालअन्तर्गत विभिन्न तहमा क्रियाशील व्यक्तिहरूलाई नेपाली कम्युनिष्ट पार्टीको सोही तहमा पारस्परिक सहमतिले समायोजन गर्ने सहमति भएको छ। यस्तै पार्टी विधान, राजनीतिक प्रतिवेदन र कार्यक्रमलगायतका दस्तावेजहरू आपसमा मिलेर तयार गर्ने, पार्टीको सञ्चालन विधान, विधि पद्धति र लोकतान्त्रिक मान्यताको आधारमा गरिने, सामूहिक नेतृत्व र जनवादी केन्द्रीयताको अनुशरण गरिने तथा पार्टी एकीकरणको लागि विभिन्न तहमा आवश्यकता अनुसार कार्यदल गठन गरिने सहमति पत्रमा उल्लेख छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पार्टीबाट निष्काषित गरेपछि रावलले मातृभूमि जागरण अभियान सञ्चालन गर्दै आउनुभएको छ।

सो अवसरमा नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने माग राख्ने जेनजी युवाको अभिभावक नै नेकपा भएको बताउनुभएको छ। नेकपा र मातृभूमि जागरण अभियान नेपालबीचको एकता घोषणा सभालाई बुधबार सम्बोधन गर्दै उहाँले आसन्न महाविशेन र निर्वाचनमा "जेनजी युवाको अभिभावक नै नेपाली कम्युनिष्ट पार्टी हो । जेनजी पुस्ताले उठाएको भ्रष्टाचारको अन्त्य र सुशासनको मागलाई हामीले नै पहिलो पटक समर्थन गर्यो", संयोजक दाहालले भन्नुभयो, "जेनजीको भावना बुझ्ने पार्टी र अर्को पार्टी एकै हुन सक्दैन, महाधिवेशन जाँदा सम्पूर्ण कमिटीमा जेनजी युवाको प्रतिनिधित्व गराउछौँ, बढीभन्दा बढी युवालाई निर्वाचनमा उम्मेदवार बनाउछौँ ।"

कुनै आग्रह र पूर्वाग्रहबिना यो पार्टीलाई क्रान्तिकारी र जनताको भरोसायोग्य साथी बनाइने उल्लेख गर्दै संयोजक दाहालले आगमी निर्वाचनमार्फत नेकपाले नै मुलुकको नेतृत्व गर्ने दाबी गर्नुभयो। क्रान्तिकारी कम्युनिष्ट ध्रुवीकरणको क्रम सुरु भएको जानकारी दिँदै उहाँले आगामी दिनमा इमान्दार वामपन्थी नेता कार्यकर्ता नेकपामा समाहित हुने दाबी गर्नुभयो।

## कांग्रेस चुनावमा जाने वा नजाने केन्द्रले तत्काल निर्णय गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कार्तिक

सुशीला कार्की नेतृत्वको सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्य को निर्वाचनको मिति घोषणा गरेको अबस्थामा नेपाली कांग्रेसले यस बिषयमा हालसम्म निर्णय नलिएकोले तत्काल यसको निर्णय लिन कांग्रेस नेता तथा कार्यकर्ताहरुले पोखराबाट माग गर्नु भएको छ।

नेपाली कांग्रेसभित्र नियमित र विशेष महाधिवेशनको विषयमा चलिरहेको बहसबीच पोखरामा बुधबार नियमित महाधिवेशनको पक्षमा दवाबमूलक भेलाको अवसरमा कागेंस नेताहरुले निर्वाचनमा जाने वा नजाने त्यसको निर्णय तत्काल लिन केन्द्रिय कमिटि समक्ष आग्रह गर्नु भएको हो । भेलामा सहभागी अधिकांश नेताहरूले पार्टीको बिधान अनुसार नियमित महाधिवेशन यथाशीघ्र सम्पन्न माग गर्दै पार्टीको क्रियाशील सदस्यताको नवीकरण, नयाँ सदस्य वितरण तथा सबै तहको अधिवेशन -वडादेखि केन्द्रीयसम्म - शीघ्र सम्पन्न गर्न केन्द्रीय कार्यसमिति समक्ष औपचारिक अनुरोध गर्ने निर्णय गरिएको गण्डकी प्रदेश कांग्रेसका उपसभापति मेखलाल श्रेष्ठले बताउनु भयो।

उहाँले भन्नुभयो "कांग्रेस चुनावमा जाने हो कि होइन ? केन्द्रीय कार्यसमितिले तत्काल निर्णय गर्नुपर्छ । नेपाली जनता र कार्यकर्तालाई समयमै स्पष्ट सन्देश दिन आवश्यक छ । महाधिवेशन ढिलाइ गरेर पार्टी अलमलमा रहनु हुँदैन, जेनजी आन्दोलनको मर्म र भावना अनुशास अघि बढ्नुको विकल्प छैन् ।" कांग्रेसभित्र चलिरहेको विशेष महाधिवेशनको तयारी पार्टीभित्रको गुटबन्दीलाई संस्थागत गर्ने प्रयास हो, जसलाई रोक्न यो भेला गरिएको उहाँको तर्क थियो।

यदि फागुन २१ मा निर्वाचन नहुने निश्चित भयो भने माघदेखि फागुनसम्म महाधिवेशन गर्नुपर्ने, र यदि सो मितिमा चुनाव हुने भयो भने वैशाखभित्र महाधिवेशन सम्पन्न गर्नुपर्ने सुझाव आएको श्रेष्ठले जनाउनु भयो। उहाँले थप्नुभयो "विशेष महाधिवेशनको नाममा गुटबन्दी संस्थागत हुने खतरा छ। पार्टी विभाजन रोक्न र नयाँ पुस्ताको भावना अनुसार संगठन तल्लो तहसम्म सुदृढ गर्न यो भेला गरिएको हो।"

भेलामा नेपाली कांग्रेस बाग्लुङका सभापति तथा गण्डकी प्रदेशसभा सदस्य जीत शेरचनले बिशेष महाधिवेशन पार्टीभित्रको गुटलाई अझ मजबुत बनाउने खतरा भएको भन्दै त्यसको विरोध गर्नुभयो। उहाँले भन्नुभयो "अब नेतृत्व मात्र होइन, नीति र संरचनामा पनि आमूल परिवर्तन आवश्यक छ। त्यसका लागि नियमित महाधिवेशन अपरिहार्य छ।" भेलामा नेपाली कांग्रेसकी सांसद सरस्वती गुरुङ, नेपाल महिला संघ कास्कीकी सभापति मिना पाण्डे, ढोरपाटन नगरपालिकाका मेयर कल्याण कामत, महासमिति सदस्यहरू पुष्पकुमार शाही र यामबहादुर मल्ल, बाग्लुङका कांग्रेस नेता पदमबहादुर खत्री, महाधिवेशन प्रतिनिधि लिलाबहादुर रनपाल, तथा स्याङ्जाका नेता नरेन्द्र शर्मा लगायतले पार्टीले समयमा आवश्यक निर्णय लिन माग गर्नुभयो।

## समृद्धिको अभिभारा नेपाली कम्युनिष्ट पार्टीले पूरा गर्नुपर्छ : नेता रावल

**रासस**
काठमाडौं, २६ कार्तिक

मातृभूमि जागरण अभियान, नेपाल प्रस्तावक डा भीम रावलले मुलुकलाई आर्थिक सामाजिक रूपमा समृद्धि बनाउने अभिभारा नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले पूरा गर्नुपर्ने बताउनुभएको छ।


आफू नेतृत्वको जागरण अभियान र नेपाली कम्युनिष्ट पार्टी बीचको एकता घोषणासभालाई आज सम्बोधन गर्दै उहाँले राष्ट्रिय सुरक्षा, रोजगारी सिर्जना र समृद्धिको ढोका उघार्ने जिम्मेवारी यसै पार्टीको भएको बताउनुभयो। "नेपालमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## जाडो छल्न माथिल्लो मुस्ताङका शैक्षिक संस्था बैंसीमा स्थानान्तरण

**रासस**
मुस्ताङ, २६ कार्तिक

उत्तरी चीनसँग सिमाना जोडिएका माथिल्लो मुस्ताङका शैक्षिक संस्था जाडो छल्न बैंसीमा स्थान्तरण गरिएको छ । भारी हिमापातको जोखिम र अत्यधिक चिसोका हुने भएकाले माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाअन्तर्गत सामुदायिक तथा धार्मिक गुम्बा विद्यालयहरूलाई बैंसीमा स्थानान्तरण गरिएको हो।




माथिल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा तीन सरकारी सामुदायिक र चार वटा धार्मिक गुम्बा विद्यालय सञ्चालनमा छन् । गाउँपालिकाका सामुदायिक र गुम्बा विद्यालय सबै जाडो छल्न बैंसीमा स्थानान्तरण गरिसकिएको लोमान्थाङ गाउँपालिकाका प्रशासन प्रमुख विकास केशीले जानकारी दिनुभयो । लोमान्थाङ गाउँपालिकाको छोन्हुप झिन्जु आधारभूत विद्यालय जाडो छल्न दसैंअगावै बैंसी झरेको र राष्ट्रिय आधारभूत लोमान्थाङ र दिव्यदीप माध्यमिक विद्यालय छोसेर तिहारलगत्तै जाडो छल्न बैंसी झरेको प्रशासन प्रमुख केशीको भनाइ छ।

लोमान्थाङको छोन्हुप झिन्जु आधारभूतमा ५० जना, राष्ट्रिय आधारभूतमा २० जना र दिव्यदीप माध्यमिक विद्यालयका ६२ जना विद्यार्थीलाई घुम्ती कक्षा चलाउन बैंसीका विभिन्न स्थानमा स्थानान्तरण गरिएको प्रशासन प्रमुख केसीको भनाइ छ। लोमान्थाङको दिव्यदीप माध्यमिक विद्यालयलाई पोखरास्थित विजयपुरमा रहेको निजी विद्यालय भवनमा स्थानान्तरण गरिएको छ। छोन्हुप झिन्जु आधारभूतको पनि पोखरा हेम्जामा रहेको आफ्नै निजी भवनमा घुम्ती कक्षा चलाउन झारिएको हो। यसैगरी लोमान्थाङको राष्ट्रिय आधारभूतका २० जना विद्यार्थीलाई पोखरा लेखनाथस्थित तालचोक किमबैंसीमा भाडाको भवनमा स्थानान्तरण गरिएको प्रशासन प्रमुख केशीले बताउनुभयो । यसैगरी लोमान्थाङ गाउँपालिकाअन्तर्गतका मञ्जुश्री, निफुक नाम्डोल, पाल एण्ड नाम्याल र महाकरुणा धार्मिक गुम्बा विद्यालय पनि आफ्नै खर्चमा घुम्ती कक्षा चलाउन पोखराका विभिन्न स्थानमा रहेको प्रशासन प्रमुख केशीको भनाइ छ । हिउँदयामको जाडो मौसममा साविक स्थानमा शैक्षिक पठन/पाठनलाई निरन्तरता दिन कठिनाइ हुने भएकाले माथिल्लो मुस्ताङका विद्यालयलाई घुम्ती कक्षा चलाउन बर्सेनि यसप्रकारको परम्परा रहँदै आइरहेको छ।

सङ्घीय सरकारले घुम्ती विद्यालय सञ्चालन तथा व्यवस्थापन शीर्षकमा लोमान्थाङका तीन सामुदायिक विद्यालयलाई बर्सेनि शसर्त अनुदानस्वरूप प्रतिविद्यालय रु तीन लाख ५० हजार उपलब्ध गराउने गरेको छ। यसका अतिरिक्त साविक स्थानमा रहेको सञ्चालन गर्दा उपलब्ध हुने सङ्घीय सशर्तबापतको हिमाली आवासीय छात्रावास अनुदान कार्यक्रमअन्तर्गत कक्षा ४ देखि माथिका विद्यार्थीलाई जनही रु पाँच हजार उपलब्ध हुने सुविधा रहेको प्रशासन प्रमुख केशीले बताउनुभयो। लोमान्थाङको राष्ट्रिय आधारभूत, झिन्जु आधारभूत र दिव्य दीप माध्यमिक विद्यालयका तल्ला कक्षाहरूलाई गाउँपालिकाले प्रतिविद्यार्थी मासिक रु चार हजार अनुदान दिने गरेको उहाँको भनाइ छ । माथिल्लो मुस्ताङको लोमान्थाङजस्तै लोघेकर दामोदरकुण्ड गाउँपालिकाअन्तर्गत तीन सामुदायिक र दुई गुम्बा विद्यालय जाडो छल्न कात्तिक १० गते बैंसीमा झरेको त्यहाँका शिक्षा शाखा अधिकृत प्रचण्ड न्यौपानेले जानकारी दिनुभयो । अधिकृत न्यौपानेका अनुसार लोघेकर दामोदरकुण्डको चराङ आधारभूत चराङका १६ जना, घमी आधारभुत घमीका ५६ जना र जनज्योति आधारभूत घिलिङका ८४ जना विद्यालयलाई शिक्षण सिकाइमा निरन्तरता दिनका लागि पोखराका विभिन्न स्थानमा झारिएको हो । चराङ आधार भूतको पोखरा हेम्जामा, घमी आधारभूतको पोखरा विजयपुरमा र जनज्योति आधारभूतको तनहुको शुक्लागण्डकी दुलेगौडामा स्थानान्तरण गरिएको जनाइएको छ। यहाँको चराङ र जनज्योति आधार भूत विद्यालयलाई घुम्ती विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यक्रम शीर्षकमा प्रतिविद्यालय रु तीन लाख ५० हजार प्राप्त हुने शिक्षा शाखा अधिकृत न्यौपानेले बताउनुभयो । यसैगरी सङ्घीय सरकारले दिने अनुदान हिउँदको चार महिना बैंसीमा घुम्ती कक्षा चलाउन बजेट अभाव हुने भएकाले सामुदायिक विद्यालयका लागि एकमुष्ट २५ लाख रूपैया बजेट गाउँपालिकाले विनियोजन गरेको अधिकृत न्यौपानेको भनाइ छ । यसैगरी लोघेकरमा तीन सामुदायिकसँगै चराङका दुई गुम्बा विद्यालय पनि जाडो छल्न बैंसी

**बाँकी अन्तिम पृष्ठमा ▶▶**



# शनिबार हुने पोखरा १० के रेसमा १ हजार १ सय ९२ जना धावक सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कार्तिक

पोखरामा हुने खुल्ला १० किलोमिटर सडक दौड प्रतियोगितामा अपेक्षा गरे भन्दा बढी धावक सहभागि हुने भए पछि दर्ता स्थगित गरिएको छ।

कास्की जिल्ला एथलेटिक्स संघले पोखरामा पहिलो पटक शनिबार आयोजना गर्न लागेको 'एक्सट्रिम एनर्जी ड्रिङ्क्स पोखरा १० के रेस'मा १ हजार १ सय ९२ जना धावक सहभागि हुने भएको संघले जनाएको छ।

पोखरा रंगशालाबाट सुरू हुने दौडमा १० किमितर्फ ४६२ जनाले सहभागिता जनाउने भएकाछन्। जसमध्ये पुरूष ४१० र महिलातर्फ ५२ जना रहेको कास्की एथलेटिक्सका सचिब सिद्धान्त अधिकारीले बताउनु भयो। त्यस्तै विद्यालयस्तरिय ५ किमि दौड छात्र/छात्रातर्फ कुल ७३८ जनाको सहभागिता रहने भएका छन भने छात्रतर्फ ४८२ जना र छात्रातर्फ २५६ जनाको सहभागि हुने भएको अधिकारीले जनाए।

एथलेटिक्स खेलको विकास र प्रवर्द्धन पहिलो पटक आयोजना गरिएको पोखरा १० के रेसमा उत्साहजनक रूपमा खेलाडीले देशैभरबाट आफ्नो नाम दर्ता गरेको कास्की एथलेटिक्सका अध्यक्ष गज बहादुर गुरूङले बताउनु भयो। उहाँले भन्नुभयो "हामीले पहिलो चरणमा १ हजार जनालाई सहभागी गराउने अपेक्षासहित मेडल र टिसर्टको व्यवस्था गरेका थियौं, केही समय हेर्दै जाँदा धेरै खेलाडीहरु करिब १२०० जना खेलाडीको नाम दर्ता गरिसक्नुभयो। अब भने हामी खेलाडीलाई दर्ता लिन सक्दैनौ।"

१० किमि दौड पहिलो हुने देखि लिएर पाँचौ स्थान सम्म प्राप्त गर्ने महिला/पुरूषतर्फ समान नगद क्रमश प्रथम, दोश्रो, तेश्रो, चौथो, पाचौलाई २०, १५, १०, ७ र ५ हजारका साथमा मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ। विद्यालय छात्र/छात्रा दौडतर्फ क्रमश पहिलो देखि पाँचौ स्थान सम्मका लागि १०, ७, ५, ३ र २ हजार नगद प्रदान गरिने छ। त्यस्तै टप २५ जना फिनिसरलाई गिफ्ट ह्याम्परको समेत व्यवस्था आयोजकले गरेको छ भने १० के दौड फिनिसरलाई मेडल प्रदान गरिने छ। प्रतियोगितालाई प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगर पालिका र एक्सट्रिम एनर्जी ड्रिङ्कले सहकार्य गरेको आयोजकले जनाएको छ। प्रतियोगिता सम्पन्न गर्न करिव १५ लाख खर्च लाग्ने संघले जनाएको छ।



पुम्दीकोटमा शिव मूर्ति :
पोखरा महानगरपालिका वडा नं २२ पुम्दीकोटस्थित महादेवको मूर्ति र पृष्ठभूमिमा माछापुच्छे हिमाल। तस्बिरः वासुदेव पौडेल/रासस

# बाला चतुर्दशीमा महाप्रभुधाम महोत्सव हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कात्तिक

पोखरा, १३ आर्वा स्थित प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल महाप्रभुधाममा बाला चतुर्दशीको अवसर पारेर महोत्सव आयोजना गरिदै छ।

श्री महाप्रभुधाम रतन पाँडे पर्यटकिय क्षेत्र विकास समितिको आयोजनामा यही मंसिर तीन गते बाला चतुर्दशी (सतबीज ) छर्ने दिन एकदिने महोत्सवको आयोजना गरिने भएको हो। महोत्सवमा राष्ट्रिय खुल्ला भजन चुड्का प्रतियोगिता, तथा महाआरती लगायतका विभिन्न धार्मिक तथा विविध मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरिने छन्। महोत्सव सम्पन्न गर्न बिभिन्न उपसमितिहरू समेत गठन गरिएको छ।

'आर्वा महाप्रभुधाम जाऔं, सतबीज छर्दै भजन कीर्तनमा रमाऔं' भन्ने नाराका साथ आयोजित महोत्सवको मुख्य आकर्षण समुहगत राष्ट्रिय खुल्ला भजन चुड्का प्रतियोगिता रहेको हो। प्रतियोगितामा प्रथम हुने समुहलाई नगद ५० हजार रुपयाँ प्रदान गरिनेछ। तेस्तै दोस्रो हुने समुहलाई नगद ३० हजार, तेस्रो हुनेलाई १५ हजार र सान्त्वना हुने एक समुहलाई पाँच हजार नगद तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जानकारी दिएका छन्। प्रतियोगितामा टीम दर्ता शुल्क एक हजार रुपयाँ राखिएको छ। तेस्तै सहभागि हुने सबै समुहहरुलाई प्रोत्साहन स्वरुप दुईहजार रुपयाँ प्रदान गरिने बताईएको छ। प्रतियोगितामा भाग लिने समुहले मंसिर एक गते सम्म टिम दर्ता गराई सक्नु पर्नेछ। यसैबिच महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न मंसिर एक गते बिहान प्रभातफेरी कार्यक्रमको आयोजना गरिदै छ। पोखरा १३ काहुँखोलाबाट शुरू हुने प्रभातफेरी पोखराका विभिन्न स्थानको परिक्रमा पछी पुन : काहुँखोलामा आई समापन हुने छ।

# ग्रामीण शिक्षामा नयाँ ऊर्जा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कार्तिक

पोखरा महानगरपालिका-२५, बिरेठाँटीमा रहेको बिरेठाँटी माध्यमिक विद्यालयमा "WT Cares Nepal Um Hong Gil School Project 2025/26" समारोह सम्पन्न भएको छ।




समारोहका प्रमुख अतिथि अन्नपूर्ण गाउँपालिका, कास्कीका अध्यक्ष विष्णु बहादुर के.सी.ले WT Cares Nepal र Um Hong Gil Foundation द्वारा ग्रामिण समुदायका बालबालिकाका लागि खेल र शिक्षाको माध्यमबाट विकासका अवसर सिर्जना गरेको योगदानको प्रशंसा गर्नुभएको थियो। उहाँका अनुसार, यस्ता परियोजनाले ग्रामीण क्षेत्रमा आशा, अवसर र एकताको भावना अभिवृद्धि गर्नुका साथै अन्तर्राष्ट्रिय मैत्री सम्बन्ध बलियो बनाउन महत्वपूर्ण भूमिका खेलिरहेका उल्लेख गर्नुभयो। Um Hong Gil Human Foundation (UHGHF) का देश निर्देशक पार्क हिडोङ तथा नेपाल तेक्वान्दो संघका अध्यक्ष दीपराज गुरुङले आगामी दिनहरूमा पनि ग्रामीण बालबालिकाको सर्वांगीण विकास र युवा सशक्तिकरणका लागि प्रेरणादायी उदाहरण बनेर रहिरहने बताउनुभयो। कार्यक्रमका क्रममा नेपाल तेक्वान्दो संघका अध्यक्ष दीपराज गुरुङले परियोजनाको पृष्ठभूमि र उद्देश्यबारे जानकारी गराउनुभएको थियो। उहाँका अनुसार यस वर्षको परियोजना तेस्रो चरण अन्तर्गत सञ्चालन गरिएको विशेष तेक्वान्दो तालिममा ६० जना विद्यार्थी सहभागी भएका छन्।यसअघि परियोजनाको पहिलो चरण (अगस्ट २२, २०२२ - अगस्ट २१, २०२३) मा ८७ जना विद्यार्थी, र दोस्रो चरण (अक्टोबर २०२३ - अप्रिल २०२४) मा ७४ जना विद्यार्थी सहभागी भएका थिए। प्रत्येक चरणमा युवाको सशक्तिकरण, अनुशासन र जीवन कौशल विकासमा विशेष ध्यान दिइएको बताइएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिल्लीराज जैसीको अध्यक्षतामा भएको सो समारोहमा वडाध्यक्ष विजय गुरुङ, नेपाल तेक्वान्दो संघका महासचिव हेमन्त डाँगी, संघका सल्लाहकार परिषद् सदस्य हरिश्वर पोखरेल, गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङ, कास्की जिल्ला तेक्वान्दो संघका अध्यक्ष कुमार गुरुङ, प्रशिक्षक कविराज खड्गीतथा बोधराज गिरी, UHGHF की कार्यक्रम प्रबन्धक निलम थापालगायतको उपस्थिति रहेको थियो।

## समृद्धिको ...

अपार सम्पदा छन्, त्यसमा नेपालीको हकअधिकार स्थापित गर्दै समृद्धिको रेखा कोर्नुपर्छ", प्रस्तावक रावलले भन्नुभयो, "देशको रक्षा, जनताको सुरक्षा पहिलो कर्तव्य हुनुपर्छ, यस पार्टीले राष्ट्रिय सुरक्षा नीति ल्याउनुपर्छ, यसबाट हाम्रो सीमानाको रक्षा गर्नुपर्छ। सरकारी र निजी सम्पत्ति अब जल्ने छैन भन्ने विश्वास दिलाउन सक्नुपर्छ।" नेपाली कम्युनिष्ट पार्टीका नेत्री पम्फा भुसालले मुलुकको आर्थिक सामाजिक रूपान्तरणसँगै क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई एकीकृत गरेर समाजवादी क्रान्तिको नेतृत्व गर्ने अभिभारा पनि नेकपाको काँधमा आएको बताउनुभयो। "केही दिनअघि १० कम्युनिष्ट घटक, आज मातृभूमि जागरण अभियानलगायत वाम पार्टीसँग एकता भएको छ, अब कम्युनिष्ट ध्रुवीकरणले निरन्तरता लिनेछ", उहाँले भन्नुभयो, "जबसम्म एउटै कम्युनिष्ट पार्टी बन्दैन, त्यति बेलासम्म एकता प्रक्रिया अघि बढिरहनेछ।" नेकपाको नेतृत्वमा देशका चुनौती समाधान, जनताको आवश्यकता पूरा र राष्ट्रिय स्वाधिनताको संरक्षण गर्ने महाअभियान सुरु भएको उद्घोष गर्दै उहाँले एकता अभियानलाई सफल बनाएरै छाडिने दृढता व्यक्त गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य प्रकाशबहादुर शाहले मुलुकका अगाडि देखिएका समस्या समाधान गर्न क्रान्तिकारी कम्युनिष्टहरू एकताबद्ध हुनुपर्छ भन्ने भावनाका साथ आफू नेपाली कम्युनिष्ट पार्टीमा समाहित भएको बताउनुभयो। "एमालेले नेकपाका संस्थापक महासचिव पुष्पलालको विरासत थाम्न सकेन, जनजनेता मदन भण्डारीको पनि पार्टी हुन सकेन", उहाँले भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी श्रमजीवीका महासचिव प्रमोदनारायण यादवले नेपाली कम्युनिष्ट पार्टीको एकता अभियानलाई जनस्तरमा लैजाने प्रतिबद्धताव्यक्तगर्दैजनजीविकाको सम्बोधन यस पार्टीबाट मात्र सम्भव रहेको बताउनुभयो।

## जाडो ...

झरिसकेको अधिकृत न्यौपानेले उल्लेख गर्नुभयो। यहाँको वारागुङ मुक्तिक्षेत्रको छुसाङस्थित जननर्मल माध्यमिक विद्यालय गत वर्षसम्म जाडो छल्न बैंसी झर्ने गरेकोमा चालु शैक्षिक सत्रमा घुम्ती कक्षाका लागि बैंसी नझर्ने निर्णय भएको त्यहाँका शिक्षा शाखा अधिकृत रेखा पन्तले जानकारी दिनुभयो। तर, यहाँको कागबेनीस्थित कागछोदे गुम्बा विद्यालय भने घुम्ती कक्षा चलाउन बैंसीमा स्थानान्तरण भएको अधिकृत पन्तको भनाइ छ।

वार्षिक परीक्षामा एक रूपता ल्याउन घम्ती कक्षाले असहज हुने, लगातार हिउँदमा कक्षा चलाउँदा शिक्षकहरूले पाउनुपर्ने बिदा कटौती गर्न गारो हुने र सङ्घीय सरकारले उपलब्ध गराउने अनुदान रु तीन लाख ५० हजारले घुम्ती खर्च धान्न नसक्ने अवस्था रहेकाले गाउँपालिकाबाटै घुम्ती कक्षा नचलाउने निर्णय भएको अधिकृत पन्तको भनाइ छ। माथिल्लो मुस्ताङका सरकारी तथा धार्मिक गुम्बा विद्यालयहरू घुम्ती कक्षाका रूपमा निरन्तर शैक्षिक पठनपाठन चलिरहने छ। साविक स्थानमा कक्षा सञ्चालन गर्दा विद्याथीहरूलाई चिसोका कारण रुघाखोकी र निमोनियाले बिरामी पर्ने हुन्छ भने हिउँदमा साविक स्थानमा कक्षा चलाउँदा हिमपातको जोखिम हुने हुन्छ। त्यसो त माथिल्लो मुस्ताङमा विद्यालयका अधिकांश अभिभावकहरू जाडो छल्न र घुम्ती व्यापारमा बैंसी झर्ने परम्परा रहेकाले पनि माथिल्ला पालिकाहरूले आफ्ना विद्यालयलाई बैंसीमा झार्ने गरिएको हो।

यसरी जाडो छल्न झरेका घुम्ती विद्यालयहरू चालु शैक्षिक सत्र सकेर नयाँ शैक्षिक सत्र साविककै स्थानमा सञ्चालन गर्न वैशाख महिनामा माथि उक्लिने गर्छन्। माथिल्लो दुई गाउँपालिकाका विद्यालय घुम्तीमा झरे पनि वारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका सामुदायिक र संस्थागत विद्यालय भने हिउँदको पुस र माघ महिना हिउँदे जाडो बिदा दिने गरिएको छ।

यसरी हिउँदमा बिदा भएका विद्यालयहरू फागुनको पहिलो साता सञ्चालन हुने गर्छन्। यहाँका तल्ला तीन पालिकामा शिक्षकहरूलाई ४५ दिने हिउँदे बिदा र १५ दिन सट्टा बिदा गरी दुई महिना शैक्षिक क्रियाकलाप स्थगित गर्ने गरिएको छ।

# कोदो खेतीतर्फ कृषकको आकर्षण बढ्यो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २६ कार्तिक



बेमौसमी वर्षाबाट पीडित बनेका स्याङजाका कृषकहरू कोदो भित्र्याउन ब्यस्त छन्।

एक हप्तासम्म निरन्तर परेको वर्षा रोकिएर पछिल्लो हप्ता मौसम खुलेपछि ग्रामिण भेगका कृषकहरु कोदो (बाला) टिप्न, ठटाउन (चुट्न) र सुरक्षित बनाएर घर भित्र्याउन ब्यस्त भएका हुन्।

जिल्लाको मुख्य अन्नबालीका रुपमा लिइएको कोदो खेती गर्ने कृषकको सङ्ख्यामा वृद्धि हुँदै गएको छ। पछिल्लो समय कोदोको माग बढेसँगै कृषकहरु कोदो खेतीमा आकर्षित समेत भएका छन्। सिँचाइको अभाब भएका जग्गामा कोदो खेती हुँदै आएको छ भने बाँझो छोडिएका अधिकांश सुख्खा खेतबारीमा समेत कोदोको खेती लगाउने गरेको स्थानीय कृषकले बताए। कोदो खेती गर्नेको संख्या बढ्नुका साथै उत्पादन राम्रो भएको जिल्लाका कृषकले बताएका छन्। गत वर्ष जिल्लामा ५ हजार ५८३ हेक्टर क्षेत्रफलमा झण्डै ८ हजार मेट्रिकटन कोदो उत्पादन भएको जिल्ला कृषि ज्ञान केन्द्र स्याङ्जाले जनाएको छ। जिल्लामा कोदो खेती गर्ने क्षेत्रफलसँगै कृषकको संख्या दुबैमा वृद्धि भएपछि कोदो उत्पादनमा ५ प्रतिशत भन्दा बढि वृद्धि हुने केन्द्रका सूचना अधिकारी कृषि अधिकृत विकास वि.क.ले बताए। समयानुकूल प्रविधिको प्रयोग, समयमै वर्षा भएकाले कोदो खेतीलाई फाइदा पुगेको अधिकृत वि.क.को भनाइ छ। कोदो खेती प्रवर्धन र उत्पादन वृद्धि गर्ने योजनामा जिल्लाका अधिकांश पालिकाले कृषकलाई प्रत्यक्ष सहयोग गर्दै आएका छन्। पालिकाले प्रविधि सहयोगसँगै उन्नत र रैथाने जातका बीउ वितरण गर्दै आएका छन्।

वालिङ नगरपालिकास्थित वालिङ प्रोडोक्ट होल्डिङ्ग बहुउद्देश्यीय सहकारी संस्थाले कोदो खेती, उत्पादन संरक्षण र बजारीकरणको लागि काम गर्दै आएको अध्यक्ष याम गुरुङले जानकारी दिए। 'परम्परागत रुपमा गरिँदै आएको कोदो खेतीको संरक्षण र बजारीकरणमा हामीले काम गर्दै आएको छौं।' अध्यक्ष गुरुङले भने, स्थानीय कृषकसँग हातेमालो गर्दै संस्थाले बीउ संरक्षणको भूमिका निर्वाह गरेको छ। कोदो खेतीका लागि उर्वर मानिएका पालिकाहरुमा पकेट क्षेत्र बनाएर काम गर्दै आएको उनले सुनाए।

परम्परागत बालीलाई आधुनिक प्रविधिसँग जोड्दै आत्मनिर्भर कृषि प्रणालीतर्फ कृषकहरुलाई अग्रसर गराउन सके स्याङजाका कृषकले कोदो खेतीबाट राम्रो आम्दानी लिन सक्नेमा स्थानीय कृषक विश्वस्त छन्। कोदो खेतीलाई प्रवर्धन गर्न फेदीखोला गाउँपालिकाले विद्यालयदेखि सरकारी कार्यालयसम्म दिवा खाजाको रुपमा कोदोको परिकार अनिवार्य गरेको छ। पालिकाले हप्ताको दुई दिन विद्यालय पोषण कार्यक्रम अन्तर्गत कोदो दिवा खाजा अनिवार्य गर्दै स्थानीय संस्थाहरूमा कोदाको परिकारलाई प्राथमिकता दिने र प्रयोग गर्ने नीति बनाएको छ। स्थानीय उत्पादनको प्रवर्धन, विद्यार्थीहरूको पोषण सुधार, कृषकहरूको आम्दानी अभिवृद्धि तथा सामुदायिक स्वाभिमानमा टेवा पुऱ्याउने योजना बनाएर कोदो प्रवर्धन कार्यक्रम सुरु गरिएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले जनाए।

गाउँपालिका अन्तर्गतका विद्यालय र सरकारी निकायमा हप्तामा कम्तीमा दुई दिन कोदोबाट बनेका परिकारहरू ढिँडो, मम, तावा रोटी, पुवा, सेलरोटी कोदोको चिउरा र हलुवा अनिवार्य दिवा खाजाका रूपमा उपलब्ध गराउने निर्णय गरेको अध्यक्ष सुवेदीले बताए। २०८२ साउनमा पहिलो पटक कोदो दिवस नै मनाएपछि कोदो उत्पादक कृषकहरु उत्साहित भएको सुबेदीले सुनाए।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# एमालेको जागरण अभियान

प्रतिनिधिसभा पुनःस्थापनाको लागि जनदबाब दिन नेकपा एमालेले सडक प्रदर्शन गरेको छ । जेनजी विद्रोह पछि एमाले वडा तहसम्म उपस्थिति देखाएको छाराजनीतिक दललाई बाहिर निस्कन नदिने चेतावनी  विरुद्ध पार्टी संगठनलाई सकृय बनाएको छ। जनताको बीचमा जान एमालेले अन्य दललाई पनि जुरमुराउन सिकाएको छ । प्रतिगामी षडयन्त्रका विरुद्ध देशैभरी गरेको जनप्रर्दशनमा उत्साहका साथ कार्यकर्ता र जनता सहभागी भएका छन् । जेन जी आन्दोलनका नाममा भदौ २३ र २४ गते भएको विध्वंस र तोडफोडपछि दलका कार्यकर्ताहरुको गिरेको मनोबल एमालेको जनप्रदर्शनले उकासेको छ।

एमालेको गत असोज ३१ गते सकिएको केन्द्रीय कमिटी बैठकले प्रतिगामी षडयन्त्र र संसद पुनर्स्थापनाको माग गर्दै देशैभर जनपरिचालन गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार अस्ती २२ गते देशैभरीका वडा भेला भएका थिए भनेर मंगलबार अधिकांस पालिकाहरुमा जनप्रदर्शन भएका छन् । जनदप्रर्दशनलाई पार्टीका नेताहरुले विभिन्न ठाउँमा सम्बोधन गर्नुभएको छ । पार्टी उपाध्यक्ष सुरेन्द्र पाण्डेले चितवनको खैरहनी नगरपालिकामा भएको कार्यक्रमलाई सम्बोधन गरेका थिए।पाण्डेले भदौ २४ पछि सबैभन्दा पहिला सडक आन्दोलन मार्फत प्रतिगमनकारी कदमका विरुद्ध कार्यकर्ता र जनतालाई एमालेले अघि सारेको दावी गरे । यसैगरी महासचिव शंकर पोखरेलले काभ्रेको बनेपामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै जेन जी आन्दोलनका नाममा विध्वंस मच्चाउने काममा माओवादी,रास्वपा र दुर्गा प्रसाईंहरुको भूमिका रहेको आरोप  छ।  पश्चिमा पुँजीवादीहरुले प्रविधिसँगै हुर्किएको पुस्ताको दुरुपयोग गरेर नेपालमा विध्वंस मच्चाएको अनुभुती छ।

समाचार अनुसार पालिका पालिकामा यस अघि भन्दा ठुलो सहभागितामा कोणसभाहरु भएका छन् । उदयपुरका आठवटै पालिकामा मोटरसाइलक र्‍याली सहित जनप्रदर्शन भएका छन् । पालिकाहरुले प्रत्येक वडावडाबाट कार्यकर्ता र जनता र्‍यालीमा सहभागी गराएका छन् । पाल्पाका पनि दुईवटा नगरपालिका सहित १० वटै पालिकाहरुमा जनप्रदर्शन भएको सचिव रामजी पोखरेलले जानकारी दिएका छन । पाल्पामा कहिं अन्तरक्रिया, कहीं प्रशिक्षण त कतै जनभेला भएका छन् । गुल्मीमा भएका जनप्रदर्शनमा शुसीला कार्कीको सरकार असंवैधानिक भएको भन्दै त्यसलाई बिस्थापित गर्दै संसद पुनर्स्थापना मार्फत संविधालनाई लिकमा फर्काउने माग गरिएको छ।

झापाको मेचीनगरमा बृहत मोटरसाइकल र्‍याली आयोजना गरिएको छ । दमक, गौरादह, विर्तामोड, बुद्धशान्ती लगायतका पालिकाहरुमा र्‍यालीले पालिका परिक्रमा गरेर कोणसभा गर्दै कार्यक्रम समापन गरिएको छ । यस्तै पोखरा महानगरको कार्यक्रमलाई सम्बोधन गर्दै स्थायी कमिटी खगराज अधिकारीले सम्बोधन गेंकन्ह  । यसैगरी पर्वतको कुश्मामा विशाल जनप्रर्दशन भएको छ। उक्त कार्यक्रमलाई केन्द्रीय सदस्य पदम गीरीले सम्बोधन गर्नुभएको छ । काठमाडौंका टोखा,काठमाडौं महानगर लगायतका सबै पालिकामा एमाले कार्यकर्ताले जनप्रदर्शन गरेका छन् ।

कर्णालीका केही पालिकाहरुमा हिमपातका कारण जनप्रदर्शन नभएपनि अधिकांसमा भएको छ। वीरेन्द्रनगरमा २९ गते जनप्रदर्शन गर्ने भएकोले आज नगरिएको,दुल्लुमा ३० गते हुने एमाले कर्णाली प्रदेशले जनाएको छ। यसैगरी जाजरकोटमा भएको जनप्रदर्शनलाई केन्द्रीय सदस्य निरज आचार्यले सम्बोधन गरेका थिए । उहाँले खुजुरा व्यापारी जस्ता दलहरु हराउँदै जाने र एमाले नै जनताको आशा भएको बताउनुभयो । दैलेखमा संसद पुनर्स्थापनाको माग गर्दै विभिन्न नारा जुलुस सहित नारायणी नगरपालिकामा एमालेले जनप्रदर्शन गरिएको छ । यहाँका ११ वटा स्थानीय तहमा आज कार्यक्रम भएको छ। चामुण्डा विन्द्रासैनी नगरपालिकामा आयोजना गरिएको कार्यक्रममा केन्द्रीय सदस्य विष्णु रिजालले जेन जीका माग सकारात्मक भए पनि आन्दोलनको स्वरुप विध्वंसकारी हुँदा नतिजा नकारात्मक भएको छ । मोरङको विराटनगर,धनकुटाको धनकुटा बजार लगायतका ठाउँहरुमा ब्यापक जनसहभागिता सहित जनप्रदर भएका छन् । 'भदौ २४ पछि मुर्झाएको राजनीतिक वातावरण आजको जनप्रदर्शनले पुरानै अवस्थामा फर्किएको महसुष भएको छ' विराटनगरका एमारु पाटीले पनि सडकमा आउनेछन् । सुस्ताएको राजनीतिक महोल अब पुरानै  दलले पुर्याउने छाँट देखिन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# फलेवास नगर अस्पताल निर्माण सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, २६ कार्तिक

एक पालिका एक आधार भूत अस्पताल योजनाअन्तर्गत फलेवास नगरपालिकाले १५ शय्याको अस्पताल निर्माण थालेको छ।

अस्पतालको शिलान्यास छ वर्षअघि भएको थियो । अस्पताल भवन रु नौ करोड २८ हजार लागतमा धमाधम निर्माण भइरहेको छ ।  नगरप्रमुख गङ्गाधर तिवारीका अनुसार अस्पताल परिसर नौ रोपनी क्षेत्रफलको हुने छ भने भवन साढे दुईतले हुनेछ। आगामी दुई वर्षभित्रमा निर्माण सम्पन्न गर्ने लक्ष्य छ।

# आश्रम निर्माणमा जुट्यो दुई करोड ६६ लाख

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ कार्तिक

मानव सेवा आश्रम बागलुङ शाखाको भवन निर्माणका लागि आयोजना गरिएको श्रीमद् भागवत ज्ञान विज्ञान महायज्ञमा अहिलेसम्म रु दुई करोड ६६ लाख सङ्कलन भएको छ। कात्तिक २१ गतेबाट बागलुङ नगरपालिका-४ स्थित आश्रम निर्माणमा महायज्ञ सञ्चालन भइरहेको छ।

महायज्ञमा मङ्गलबार मात्रै रु एक करोड एक लाख सङ्कलन भएको कोषाध्यक्ष सरिता गौतमले जानकारी दिनुभयो । महायज्ञमा सोमबार रु ५५ लाख ५४ हजार रकम सङ्कलन भएको थियो । यस्तै आइतबार रु ३८ लाख सङ्कलन भएको थियो । महायज्ञमा मङ्गलबार अमेरिकास्थित बागलुङ समाज भर्जिनिया परिवारद्वारा मानवसेवा आश्रम बागलुङ शाखाको भवन निर्माण सम्पन्नताका निम्ति रु पाँच लाख, बागलुङ नगरपालिका-२, आवारोड निवासी परोपकारी मनको धनी आदरणीय उमा शान्ति श्रेष्ठ र कृष्णकुमार श्रेष्ठलगायतको परिवारबाट रु पाँच लाख सङ्कलन भएको थियो। महायज्ञमा दानदाताको भीड नै लागेको छ। महायज्ञमा रु पाँच हजारदेखि पाँच लाखसम्म रकम सङ्कलन भइरहेको छ । महायज्ञमा रु १० करोड सङ्कलन गर्ने लक्ष्य रहेको छ । मानवीय सेवा सरिक हुँदै मनकारी दाताहरूले गच्छेअनुसारको दान गरिरहेको आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले जानकारी दिनुभयो।

सडक आश्रित, असहाय, अपाङ्ग, मानसिक रोगी तथा घरबारविहीन सडक मानवको पुनःस्थापनाका लागि निर्माणाधीन आश्रम बागलुङको भवनमा सहयोग पुग्ने उद्देश्यले आयोजना गरिएको यस महायज्ञमा दाताको उल्लेखनीय सहभागिता रहँदै आएको छ।

देश-विदेशमा रहेका बागलुङवासी, सङ्घ-संस्था तथा सहयोगी व्यक्तिले नगद, क्युआर कोड र अन्य माध्यममार्फत सहयोग प्रदान गरिरहेका छन् । महायज्ञ यही कात्तिक २८ गतेसम्म चल्नेछ।

# मतदाता नामावली दर्ता गर्नेको चाप उच्च

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ कार्तिक

जिल्ला निर्वाचन कार्यालय म्याग्दीमा पछिल्लो समय मतदाता नामावली दर्ता गर्नेको संख्या बढ्न थालेको छ। आगामी फागुन २१ गते घोषणा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले यही कात्तिक ३० गतेसम्म नामावली दर्ता गर्नुपर्ने समयसिमा तोकेको छ।

आयोगले तोकेको मिति नजिकिदै गर्दा यसअघि नाम दर्ता गर्न छुटेका, विदेशबाट फर्किएका र उमेरको योग्यता पुगेकाहरू नामावली दर्ताका लागि कार्यालयमा आएका छन्।

गत हप्तासम्म दैनिक १० देखि १५ जनाको अनुपातमा नामावली दर्ता भएको कार्यालयमा आइतबारदेखि ५० जनाको हाराहारीमा आएका जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी गोविन्द थापाले बताउनुभयो । "नाम दर्ता गर्ने समयसिमा नजिकिदै गर्दा सेवाग्राहीको चाप बढेकोले सर्वर नचल्दा काम गर्न ढिलाई र समस्या भएको छ," उहाँले भन्नुभयो "नामावली दर्ताका लागि आउनेमा युवा युवतिहरू धैरै छन् ।" नयाँ मतदाताहरूले मतदानको प्रतिक्षामा रहेको प्रतिक्रिया दिएका छन्। अन्नपूर्ण गाउँपालिका-३ दानाकी अस्मि सापकोटाले मतदानमा भाग लिनका लागि नामावली दर्ता गर्नुपर्ने र आफ्नो उमेर पुगेको हुँदा दर्ताका लागि आएको बताउनुभयो । "योग्य उमेद्वारलाई जिताएर नीति निर्माण तहमा पुऱ्याउन सकेमा हाम्रो भावना बुझेर बेरोजगारी, भ्रष्ट्राचार, ढिलासुस्ति जस्ता समस्याको सम्बोधन हुने अपेक्षा गरेकी छु," उहाँले भन्नुभयो, "पहिलो पटक मतदानमा भाग लिन पाउने भएकाले उत्साही भएको छु।"

बेनीकी जाफ्रिन हुसेनले निर्वाचनप्रति स्थिरता, शुसाषन, विकास, रोजगारी सिर्जना, शान्तिको अपेक्षा गरेको बताउनुभयो । जासिम मियाले नेपालमा दिगो शान्ति, विकास र सम्बृद्धि चाहेको बताउनुभयो।

निर्वाचन आयोगले गत असोज १० गतेदेखि मतदाता नामावली दर्ताको व्यवस्था मिलाएको थियो। मंगलबारसम्म नयाँ चार सय ८८ जना मतदाता थपिएका जिल्ला निर्वाचन अधिकारी बिमलप्रसाद गौतमले बताउनुभयो । उहाँका अनुसार बिहान ८ देखि साँझ ६ बजेसम्म मतदाता नामावली दर्ताको ब्यवस्था मिलाइएको छ।

विसं २०७९ मा भएको प्रतिनिधी र प्रदेशसभा निर्वाचनमा ८६ हजार एक सय २० जना मतदाता रहेको म्याग्दीमा निर्वाचन आयोगले पछिल्लो पटक असोज ८ गते सार्वजनिक गरेको मतदाता नामावली विवरण अनुसार ८४ हजार पाँच सय २० जना कायम भएको छ।

अघिल्लो निर्वाचनको तुलनामा एक हजार छ सय जना मतदाता संख्या घटेको हो । ४१ हजार एक सय ७४ जना पुरुष, ४३ हजार तीन सय ४५ महिला र एक जना अन्य छन् । मृत्यु भएकाको नामावली हटाएको, दोहोरो परेकाको एक ठाउँमा कायम गरेको र बसाईसराई गरेर गएकाको स्थानान्तरण गरिएकाले मतदाता घटेका छन्।

# मनास्लु आरोहणको वैकल्पिक मार्ग खोजी

**पोखरापत्र संवाददाता**
मनाङ, २६ कात्तिक

हिमाली जिल्ला मनाङको नार्सौं गाउँपालिकाले मनास्लु हिमाल आरोहणको नयाँ पदमार्गको प्रारम्भिक अध्ययन सुरु गरेको छ।

मनास्लु आरोहणका लागि सहज बाटो पहिचान गर्ने उद्देश्यले गाउँपालिकाको समन्वय र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को प्रायोजनमा पदमार्ग सर्वेक्षण सुरु गरिएको छ । हाल मनास्लु आरोही काठमाडौँबाट गोरखाको आरुघाट, सामागाउँ हुँदै यात्रा गर्छन् । पूर्वतर्फबाट मनास्लु आरोहण सुरु गर्छन्। तर, मनाङको नार्सौं गाउँपालिकाले काठमाडौँबाट लमजुङको बेंसीसहर हुँदै धारापानी, तिल्चे, गुवा, सुती खोला, याकखर्क हुँदै भीमथाङमा बास बसेर पश्चिमतर्फबाट आरोहणको सम्भावनाबारे अध्ययन सुरु गरेको छ। सामागाउँ र भीमथाङ दुवैतर्फको आरोहण मार्ग छ हजार मिटर उचाइ क्याम्प थ्रीमा पुगेर मिसिन्छ । गोरखामा पर्ने यस हिमाल आठ हजार १६३ मिटर अग्लो छ। सन् १९५६ मे ९ मा जापानका टी इमानिस र नेपालका ग्याल्सेन नोर्बुले यस हिमालको पहिलो पटक आरोहण गर्नुभएको थियो । त्यतिबेला भीमथाङबाटै आरोहण भएको र पछि पदमार्गमा क्षति पुगेपछि सामागाउँतर्फबाट आरोहण थालिएको नार्सौं गाउँपालिका अध्यक्ष गुरुङले बताउनुभयो । पुनःभीमथाङबाट आरोहणको सम्भावनाबारे प्रारम्भिक अध्ययनमा संलग्न कर्मा शेर्पाले थप अध्ययन आवश्यक रहेको बताउनुभयो। "हामी जाँदा हिउँ थियो, त्यसैले थप अध्ययन आवश्यक छ", उहाँले भन्नुभयो, "भीमथाङतर्फको मार्गमा पहिरोको जोखिम कति छ। सहज हुन्छ कि हुँदैन भन्ने जस्ता विभिन्न प्राविधिक विषयको अध्ययन गर्नुपर्ने देखिन्छ।"

शेर्पाले पहिलो चरणमा फोटो/भिडियो खिचेर ल्याएको र अनुभवी आरोहीबाट त्यसको विश्लेषण गरेर निष्कर्ष निकाल्न बाँकी रहेको बताउनुभयो । गाउँपालिका अध्यक्ष धनबहादुर गुरुङले अनुभवी माउण्टेन गाइडको सहभागितामा प्रारम्भिक सम्भाव्यता अध्ययन सुरु गरेको तर निष्कर्ष आउन बाँकी रहेको बताउनुभयो। यदि भीमथाङतर्फको मार्गबाट आरोहण गर्न सम्भाव्यता पुष्टि भएमा सबैभन्दा सजिलो र छोटो मार्ग यही हुने उहाँले बताउनुभयो । "हामीले भीमथाङबाट मनास्लु आरोहणको सपना देखेका छौँ", अध्यक्ष गुरुङले भन्नुभयो, "यदि यो सफल भएमा नेपालको आठ हजार मिटरभन्दा माथि बेस क्याम्पसम्म पुग्ने छोटो दुरीको पदमार्ग भनेको नै यही हुनेछ ।" काठमाडौँबाट लमजुङको बेंसीसहर हुँदै मनाङको तिल्चे गाउँसम्म बस वा गाडीमा यात्रा गर्न सकिन्छ । त्यसपछि तिल्चेबाट पैदल हिँडेर गुवा, सुती खोला, याकखर्क हुँदै भीमथाङमा बास बस्न सकिन्छ । त्यहाँबाट सिधैं मनास्लुको बेस क्याम्पमा साढे दुई दिनमै पुग्न सकिन्छ। यस मार्ग मनास्लु आरोहणको सबैभन्दा छोटो दुरी रहेको गाउँपालिका अध्यक्ष गुरुङले बताउनुभयो । यस पदमार्गमा करिब ३० वटा होटल रहेका छन् । तीन हजार ७०० मिटरको उचाइमा रहेको भिमथाङमा मात्रै ११ वटा होटल रहेका छन् । यहाँ मात्रै ५०० जना अट्न सक्ने क्षमता रहेको छ । उहाँले भन्नुभयो, "हिमाल आरोहणका लागि सकारात्मक आउने विश्वास छ र आगामी दिनमा यही छोटो रुटबाट मनास्लु आरोहण गर्न पाइनेछ । मितव्ययिताको साथ छोटो दुरीको पदयात्रामार्फत आठ हजार मिटर माथिको हिमाल आरोण गर्न सकिन्छ कि भनेर सर्वेक्षण गरिरहेका छौँ । यस सर्वेक्षणले सफलता पाउने अपेक्षा गरेका छौँ।" अहिले धारापानीबाट पदयात्रामार्फत तिल्चे, गुवा, सुती खोला, याकखर्क, भीमथाङ हुँदै मनास्लु आरोहणका लागि जाने गर्दछन् । छोटो समयमा पुग्ने भएकाले यस मार्गलाई केही आरोहीले मनाङको पदमार्ग हुँदै यस हिमाल आरोहण गर्ने गरेका छन् । आरोही तथा पथप्रदर्शकले मनास्लु आरोहणमा जाँदा यस मार्ग छोटो पर्ने गरेका बताउँछन् । यस सर्वेक्षणले मार्ग पहिचान तथा अनुमति पाएमा आरोही तथा पथप्रदर्शकलाई सहज हुनेछ।

# पाँच वर्षमा छ पटक ठेक्का म्याद थपपछि कालोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ कात्तिक

निर्माण व्यवसायीको लापर्वाहीले जीर्ण बनेको यहाँको काठेखोला गाउँपालिका-७ रेश जाने चार किलोमिटर सडक छ पटक ठेक्का म्याद थपेपछि कालोपत्र थालिएको छ। कोरोना, आर्थिक संकट र भुक्तानी जस्ता समस्या देखाउँदै निर्माण व्यवसायीले सडक कालोपत्र गरेका थिएनन् ।

हाल भने धमाधम 'ग्राभेल' भइरहेको छ । सङ्घीय सरकार र काठेखोला गाउँपालिकाको साझेदारीमा निर्माण थालिएको सडक कालोपत्रका लागि बिग्रेका पूर्वाधार निर्माण भइरहेका छन् । २०७७ जेठमा दुई वर्षमा सम्पन्न गर्ने गरी जोशी/निशान/आचार्य जेभीसँग रु छ करोड ७१ लाखमा ठेक्का लागेको थियो । सम्झौता अवधिमा काम नहुँदा छ पटक म्याद थपिएको छ । एक वर्षदेखि फिल्डमा नदेखिएको निर्माण व्यवसायी काममा फर्केपछि कालोपत्रको तयारी थालिएको काठेखोला गाउँपालिकाका इञ्जिनियर विनोद लामिछानेले जानकारी दिनुभयो । पूर्वाधारको काम पहिल्यै सम्पन्न गरेपनि कालोपत्र हुन नसक्दा पूर्वाधारहरु समेत जीर्ण बनेका थिए। उक्त सडकको ७० प्रतिशत भौतिक तथा ६५ प्रतिशत आर्थिक प्रगति भएको छ । इञ्जिनियर लामिछानेले १४ औं खरिद संशोधनलाई आधार मानेर अन्तिम पटक म्याद थप गरेको बताउनुभयो । यस पटक भने कालोपत्रका लागि उपकरण र कच्चा समाग्रीको समेत जोहो भइसकेको छ । कोराना कहर, भुक्तानीमा समस्या र कच्चा सामग्रीको अभावले काममा ढिला भएको जनाउँदै निर्माण व्यवसायी प्रकाश आचार्यले छिट्टै काम सम्पन्न गरी सडक हस्तान्तरण गर्ने बताउनुभयो । उक्त सडक बरेङ-शान्तिपुर जाने यात्रुले समेत प्रयोग गर्दै आएका छन् ।

# दीपशिखा महिला कृषि सहकारी संस्थाको १२ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कात्तिक



महिलाहरु मात्र सेयर सदस्य रहेको पोखरा महानगरपालिका वडा नं २९ को दीपशिखा महिला कृषि सहकारी संस्थाको १२ औं साधारण सभा सम्पन्न भएको छ। साधारण सभाको ज्येष्ठ सदस्य रामकुमारी आचार्यबाट उद्घाटन गरिएको थियो।

पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवम् वडा नं २९ का वडासदस्य निर्मला पौडेलले महिलाहरुलाई आय आर्जनमा जोड्नु पर्छ भन्ने मान्यताका साथ दीपशिखा पुस्तकालयको संयोजनमा स्थापना भएको सहकारीले छोटो समयमा चार सय ८० सेयर सदस्यहरु मार्फत दुई करोड ४ लाख ६९ हजार सेयर पुँजी बनाउन सफल भएकामा खुशी व्यक्त गर्दै सर्वसाधारणका माझ प्राप्त गरेको विश्वासलाई आत्मसात गर्दै अघि बढ्नुपर्नेमा जोड दिईन् ।

कार्यक्रममा दीपशिखा पुस्तकालयका कोषाध्यक्ष तथा संस्थाका सल्लाहकार माधव भण्डारी, संस्थाका सल्लाहकार मेजर रामप्रसाद गुरुङ्ग, लेखनाथ उद्योग वाणिज्य संघका सहकारी समन्वय उपसमिति संयोजक कृष्णप्रसाद तिमिल्सेना, लेखनाथ उद्योग वाणिज्य संघकी उपमहासचिव गंगा मल्ल निवर्तमान अध्यक्ष गोमा कुमारी आचार्य लगायतले शुभकामना मन्तव्य दिएका थिए।

वक्ताहरुले आर्थिक अनुशासनको माध्यमबाट सहकारीले आम सेयर सदस्यको मन जित्ने गरी सुरक्षित ऋण प्रवाह गरी नियमित रुपमा बचत गर्ने बानीको विकास गराउनु पर्ने सुझाव राखेका थिए।

संस्थाकी अध्यक्ष शिवकुमारी सुवेदीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव कल्पना गुरुङ र स्वागत मन्तव्य व्यवस्थापक कृष्णकुमारी पोखरेलले राखेकी थिईन।

कार्यक्रममा अध्यक्ष ,सचिव, कोषाध्यक्ष र लेखा समितिका प्रतिवेदनहरु पारित गरिएका थिए भने  बाल वचत, असल कारोवारी, कृयाशील ज्येष्ठ सदस्य लगायतका सम्मान समेत गरिएका थिए।

# हिउँदभरि सुनसान हुन्छ बुकीपाटन

**पोखरापत्र संवाददाता**
ढोरपाटन, २६ कात्तिक



वर्खामा आन्तरिक पर्यटकले गुल्जार बनेको बुकीपाटन चिसो बढेपछि सुनसान भएको छ। सयौँ गोठाला र हजारौँ वस्तुभाउसँगै पर्यटकले चहलपहल हुने बुकीपाटन कात्तिक पहिलो सातादेखि सुनसान बनेको हो।

अग्ला पहाड पनि हरियो घाँस सुक्दै गएपछि उराठिला बनेका छन् । पहिले गोठालाले रचन क्षेत्रका रुपमा प्रयोग गर्दै आएको बुकीपाटन पछिल्लो दुई वर्षदेखि आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेको छ।

असारदेखि असोजसम्म बुकीपाटनमा पर्ने गर्पाछेडा, दहखर्क, टीकाधारा, राजवन, स्याचुन, फुर्से देउराली, फागुने देउरालीलगायतका क्षेत्रमा गोठलाको बाक्लो बसाइँ हुने गर्छ । गोठालाले गोठ बेसी झारेपछि बुकीपाटन सुनसान छ । चिसो बढेका कारण पर्यटकसमेत पुग्न सकेका छैनन् । समुन्द्री सतहदेखि करिब चार हजार ५०० मिटरको उचाइमा पर्ने बुकीपाटन पदयात्राका लागि उत्कृष्ट गन्तव्य बनेको छ । वर्खायाममा बेसी क्षेत्रमा गर्मी हुने हुँदा शीतलता खोज्दै बुकीपाटन बढी चढ्ने तर अहिले चिसो बढेपछि बुकीपाटन जाने पर्यटक कम भएको ढोरपाटनका होटल व्यवसायी सन्देश थापाले बताउनुभयो । असोजसम्म बुकीपाटन पुग्ने पर्यटकको सङ्ख्या धेरै भए पनि अहिले फाट्टफुट्ट मात्रै जाने गरेको उहाँको भनाइ छ । बुकीपाटन पुग्ने पर्यटकले हरियाली उच्च पहाड, पाटन, खर्क, दर्जनौँ हिमशृङ्खलाको दृश्यावलोकन गर्न सक्ने हुँदा वर्खाको समयमा बढी पर्यटक बुकीपाटन उक्लिने थापा बताउनुहुन्छ । गोठाला वस्तुभाउ लिएर असोजमै बेसी झरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "दुई वर्षदेखि त बुकीपाटनमा पर्यटकको आगमन व्यापक हुँदै गएको छ, पहिले गोठाला मात्रै बस्ने ठाउँमा अहिले टाढाटाढाबाट पर्यटक आउन थालेका छन् ।"

नेपालको एक मात्र शिकार आरक्ष क्षेत्रमा पर्ने बुकीपाटन बागलुङसहित रोल्पा, रुकुम, म्याग्दी र डोल्पाका पशुपालक किसानले वर्खाको समय चरन क्षेत्रका रुपमा प्रयोग गर्दै आएका छन् । ढोरपाटन नगरपालिका-८ का तुलबहादुर सुनारले आफू सबैभन्दा अन्तिममा बेसी झरेको सुनाउनुभयो । धेरै गोठालाहरुले भदौ अन्तिम सातादेखि नै गोठ झार्न सुरु गरेको भन्दै आफू असोज दोस्रो सातामा त्रै झरेको उहाँको भनाइ छ। आफूले गोठ झार्ने बेला नै बुकीपाटन सुनसान भएको भन्दै अहिले चिसोका कारण कोही पनि पुग्न नसक्ने सुनार बताउनुहुन्छ।

"यतिबेला त बुकीपाटनमा पानी जम्छ, धेरै चिसो हुन्छ, त्यहाँ गएर बस्न सकिदैन, गोठाला झरेपछि त्यो ठाउँ सुनसान भयो, अहिले कोही पनि छैनन् बुकीमा, बर्खामा पहिले-पहिले गोठाला मात्रै हुन्थ्यौँ, अहिले त देश विदेशबाट घुम्न आउनेको भीड लाग्छ", सुनारले भन्नुभयो, "अब गोठाला जेठ असार महिनामा मात्रै बुकी उक्लिन्छन्, त्यस बेलासम्म त्यो ठाउँ सुनसान हुन्छ।" चिसो बढेपछि ढोरपाटन उपत्यकामा पनि पर्यटकको आगमन कम भएको छ । अब हिउँ परेपछि हिउँखेल्न आउनेको सङ्ख्या बढी हुने स्थानीय पवन घर्तीमगरले बताउनुभयो । ढोरपाटनमा चिसो बढ्दै गएपछि स्थानीय पनि बोबाङ, अधिकारीचौर लगायतका ठाउँमा झर्ने उहाँको भनाइ छ । पहिले अधिकांश ढोरपाटन उपत्यकावासी घुम्ती बसाइँ गर्थे । हिउँदमा बेसी र वर्खामा ढोरपाटनमा बस्ने गर्थे । तर अहिले ढोरपाटनमै बस्नेको सङ्ख्या बढेको छ । सडकले जोडिएपछि विस्तारै विकासले गति लिँदा धेरै स्थानीयको रोजाइमा ढोरपाटन परेको घर्तीमगर बताउनुहुन्छ।

# मानव स्वास्थ्य र वातावरणीय असर भएपछि इँटा उद्योग बन्दको माग

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ कात्तिक

तनहुँको व्यास नगरपालिका-१ स्थित भद्रु सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ताले मानवीय स्वास्थ्य तथा वातावरणमा असर देखिन थालेपछि चिम्नी इँटा उद्योग बन्द गर्न स्थानीयको माग छ । स्थानीय सञ्चालित इँटा उद्योगबाट निस्कने धुँवाका कारण मानव स्वास्थ्य, वायु र वातावरणमा असर परेकाले उद्योग बन्द गर्न स्थानीयले माग गरेका छन् ।

सामुदायिक वनका उपभोक्ताले इँटा उद्योगबाट निस्किएको धुँवाले स्थानीयवासीको स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेकाले बन्द गर्न माग गर्दै घरेलु तथा पर्यटन कार्यालयमा निवेदन पेस गरेका भद्रु सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष चिनबहादुर भण्डारीले जानकारी दिनुभयो । उद्योगले कोइलामात्र प्रयोग गरेर इँटा उत्पादन गर्न पाउने प्रावधान भएकामा सञ्चालकले दाउरा प्रयोग गरी निस्केको धुँवाले स्थानीय उपभोक्ताको स्वास्थ्यमा असर पुगेको उहाँले बताउनुभयो।

"इँटा उद्योग सञ्चालन गर्न सरकारबाट निर्धारण गरिएको प्रावधानका विरुद्ध बढी धुँवा निस्कने गरी चलाइरहेकाले उपभोक्ताको बहुमतको निर्णयबाट बन्द गर्न मागसहित सम्बन्धित निकायमा पुगेका हौँ", उहाँले भन्नुभयो, "इँटा उद्योग वरपर बसोबास गर्ने स्थानीयवासीको स्वास्थ्यमा बढी प्रभाव परेको छ । सञ्चालकलाई निर्धारण गरिएको प्रावधानविपरीत नजान आग्रह गर्दा पनि नमानेपछि यससँग सम्बन्धित निकायसमक्ष उद्योग बन्दको मागसहित अगाडि बढेका हौँ ।" यस क्षेत्रका स्थानीयमा आँखा पोल्ने, नाक पोल्ने, श्वास फेर्न मुस्किल हुने, घाँटी दुख्ने, बोटबिरुवा तथा वातावरण प्रदूषित बनेको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । सामुदायिक वनमा आबद्ध एक सय ८० उपभोक्तामध्ये एक सय ४० उपभोक्ताले मानव स्वास्थ्य, वनजङ्गल तथा वायु प्रदूषणमा प्रभाव पारेकाले उद्योग बन्द गरी स्वच्छ वातावरण बनाउन माग गरेका छन्। औद्योगिकीकरणभन्दा बढी मानव स्वास्थ्य तथा वायु प्रदूषण जोखिमयुक्त भएकाले तत्काल सञ्चालनमा रोक लगाउन आवश्यक रहेको सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष कुलबहादुर दरैले बताउनुभयो । "विगतमा हामी मानव स्वास्थ्य, वायु तथा वातावरण प्रदूषणका विषयमा अनभिज्ञ थियौँ । अहिले बुझ्दै गएका छौँ । मानव स्वास्थ्यका लागि स्वच्छ वायु तथा वातावरण बनाउनुपर्छ । त्यसैले मावन स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने उद्योग बन्द हुनुपर्छ।" उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशका उपसचिव महाराज ढकालले उद्योगको अनुगमन गर्दै सामुदायिक वन उपभोक्ता तथा वातावरणमा असर गरेका विषयमा अझ बढी अध्ययन गर्नुपर्ने र हालका लागि उद्योग सञ्चालन स्थगन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "मानव स्वास्थ्यमा नै प्रत्यक्ष रूपमा प्रभाव पारेको गुनासो आइसकेको छ । उपभोक्ताको स्वास्थ्य तथा वातावरणको प्रभावले दीर्घकालसम्म अझ बढी प्रभाव पार्नुबाट जोगाउन उचित रहेको छ ।" गहन रूपमा अध्ययनका लागि हाललाई उद्योग सञ्चालनमा रोक लगाउन उचित रहेको बताउनुभयो । सामुदायिक वन उपभोक्ताले उद्योगको कमीकमजोरीसहित निवेदन पेस गरिसकेकाले मानव स्वास्थ्य तथा वातावरणलाई सन्तुलित र स्वच्छ बनाउनेतर्फ प्राथमिकतामा हुनुपर्नेमा जोड दिनुभयो । उद्योगले प्रभाव पार्ने स्थानका स्थानीयवासीमा मुटु, फोक्सोसम्बन्धी रोगबाट प्रभावित भएको पाइएको स्थानीयको भनाइ छ।

सङ्घीयता कायम नहुँदै दर्ता भएको उद्योग वडा, नगरपालिकामा समेत नवीकरण नभएको पाइएको उपभोक्ता समूहको आरोप छ । उद्योग सञ्चालक रामदेव पन्थले यस उद्योगमा छ सय कामदार रहेकाले हालै सञ्चालनमा रोक नलगाउन अनुरोध गर्नुभएको छ। यस उद्योगका कामदारको रोजीरोटी खोसिने भन्दै उहाँले सञ्चालन बन्द गर्न नमिल्ने बताउनुभयो । यस उद्योगबाट इँटा उत्पादन गर्दा कोइलाको प्रयोगमात्र गर्न पाउने प्रावधानविपरीत गएर दाउराको प्रयोग गरेको पाइएको उपभोक्ताको गुनासो छ । उद्योगबाट निस्कने विषाक्त धुँवाले मानव स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारिरहेको उनीहरूको भनाइ छ।

विसं २०५० देखि सञ्चालित उक्त उद्योगले अवैधानिक रूपमा सामुदायिक वनको कार्यसमितिलाई जानकारी नदिइकन, 'डिमार्केशन पिलर' बाहिर आई सामुदायिक वनको क्षेत्रमा रुखबिरुवा कटानी गरेको र जेसिबी प्रयोग गरेको उत्खनन गरेको जनाइएको छ।

# धार्मिक गन्तव्यस्थल बन्दै थानीमाई मन्दिर

**पोखरापत्र संवाददाता**
दमौली, २६ कात्तिक

यहाँको भानु नगरपालिका-७ वसन्तपुरस्थित प्रसिद्ध थानीमाई मन्दिर धार्मिक गन्तव्यस्थलका रूपमा विकास भएको छ। यहाँ फूलको डोली भित्र्याउन देशका विभिन्न जिल्लाबाट भक्तजन आउने गरेका छन्।

कात्तिकको दुई वटा मङ्गलबारमा १५ हजार भन्दा बढी भक्तजनले मन्दिरको दर्शन गरेका थानीमाई मन्दिर व्यवस्थापन समितिले जनाएको छ । कात्तिकको दोस्रो र तेस्रो मङ्गलबार मन्दिरमा १५ हजार ५५७ जना भक्तजनले दर्शन एवं पूजाआजा गरेका समितिका अध्यक्ष जीवन थापाले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार कात्तिकको दोस्रो मङ्गलबार (११ गते) आठ हजार र तेस्रो मङ्गलबार (१८ गते) सात हजार ५५७ जना भक्तजनले पूजाआजा गरेका हुन् । कात्तिकको पहिलो मङ्गलबार औँसी तिथि परेकाले फूलको डोली नभित्र्याइएको थापाको भनाइ छ । उहाँका अनुसार दुई वटा मङ्गलबार मन्दिरमा एक सय ४४ वटा फूलको डोली भित्रिएको छ।

अध्यक्ष थापाले तनहुँबाट ५९, लमजुङबाट ३५, गोरखाबाट २३, चितवनबाट १६, काठमाडौँबाट तीन, कास्कीबाट सात र नवलपरासीबाट एक डोली भित्रिएको जानकारी दिनुभयो। उहाँका अनुसार प्रत्येक वर्ष असोज, कात्तिक, मङ्सिर, माघ, फागुन र चैत महिनाको मङ्गलबार थानीमाई मन्दिरमा देशका विभिन्न ठाउँबाट आएका भक्तजनले फूलको डोली चढाउने गर्दछन् । ती महिनाका मङ्गलबार मन्दिरमा फूलको डोली चढाउने सर्वसाधारणको घुइँचो लाग्ने गर्दछ। मन्दिरमा फूलको डोली चढाउनाले मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास रहिआएको समितिका अध्यक्ष थापाले बताउनुभयो । उहाँका अनुसार भक्तजनहरू फूलको डोली र पञ्चैबाजासहित थानीमाई मन्दिरको तीनपटक नाचगान गर्दै परिक्रमा गर्दछन् । "परिक्रमापछि माथि थुम्कास्थित मन्दिर परिसरमा रहेका देवलहरूमा डोलीसँगै लगिएको तोरणलाई तीन फन्का घुमाएर बाँध्ने गरिन्छ। त्यसपछि मन्दिरभित्र प्रवेश गरी आफ्नो मनोकामना तथा भाकल पूरा होस् वा भएको भन्दै पूजाअर्चना गरिन्छ । बाजागाजा र ध्वजापताकासहित थानीमाईको जयजयकारले वसन्तपुर क्षेत्र गुञ्जिने गर्दछ", उहाँले भन्नुभयो। प्रत्येक सोमबार सत्यनारायणको पूजा गरी फूलको डोली तयार गर्ने र थानीमाई मन्दिरमा उक्त डोली चढाउने परम्परा रहँदै आएको छ । मन्दिरमा साउन महिना, एकादशी र औँसीबाहेकका दिनमा पूजाअर्चना हुँदै आएको छ । समुन्द्री सतहबाट एक हजार २०० मिटर उचाइमा अवस्थित मन्दिरबाट गोरखाको लक्ष्मी बजार, लिगलिग कोट, पालुङटार, राइनासकोटलगायत हिमश्रृङ्खला दृश्य देख्न सकिन्छ । विसं २०७२ वैशाख १२ गतेको भूकम्पबाट क्षति पुगेको मन्दिरको पुनर्निर्माण सम्पन्न भइसकेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त रु १४ लाख र मन्दिरको भेटीबाट सङ्कलित रु छ लाख गरी रु २० लाखको लागतमा मन्दिरको पुनर्निर्माण गरिएको थियो । विसं १८२५ देखि यस मन्दिरमा पूजाअर्चना सुरु भएको स्थानीय बताउँछन् । विसं १८२५ मा मन्दिर भएको ठाउँमा भोटेनी आमाछोरी हावाहुरी चलेपछि एक रुखमा ओत लाग्दा त्यहाँबाट अन्तर्ध्यान भएको किंवदन्ती रहेको र सोही समयदेखि उक्त स्थानमा पूजाअर्चना सुरु भएको ज्येष्ठ स्थानीय बताउँछन्।

# कृषकलाई अनुदानमा गहुँको बीउ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २६ कात्तिक

स्याङ्जाको एक कृषि सहकारीले कृषकलाई अनुदानमा गहुँको बीउ वितरण गरेको छ। वालिङ नगरपालिकामा रहेको अकला नमुना साना किसान कृषि सहकारी संस्थाले सहकारीमा आवद्ध कृषकलाई अनुदानमा गहुँको बीउ वितरण गरेको हो।

सहकारीले समूहमा आबद्ध शेयर सदस्य कृषकलाई ७५ प्रतिशत अनुदानमा गहुँको बीउ दिएको छ । कृषि ज्ञान केन्द्र स्याङ्जा मार्फत प्राप्त स्वर्गद्धारी र गौतम जातका गहुँको बिउ वितरण गरिएको सहकारीले जनाएको छ। सहकारीले बनाएको ३५५ समूहमा दुई हजार ५४५ जना सेयर सदस्य कृषक आवद्ध छन् । ५ रोपनी भन्दा बढि क्षेत्रफलमा गहुँ खेती गर्ने कृषकलाई १८ किलोदेखि २५ किलोग्रामसम्म गहुँको बीउ वितरणगरेकोसहकारीकाप्रबन्धक लक्ष्मी पोखेलले जानकारी दिईन् । बजार मुल्य प्रतिकिलो ८५ रुपैयाँ पर्ने गहुँको बीउ ३० रुपैयाँ प्रतिकिलोका दरमा कृषकलाई वितरण गरिएको छ। वालिङ नगरपालिकाका १४ वटा वडा र गल्याङ नगरपालिका वडा नं.-२, ३, ७ र ८ कार्यक्षेत्र रहेको सहकारीले गहुँ, धान, मकै र मौसमी तरकारीका बीउविजन वितरण गर्दै आएको छ। पहिलो चरणमा ७२ जना कृषकले गहुँको बीउ लगेको सहकारीले जनाएको छ। सहकारीले डेरी उद्योग समेत संचालन गर्दै आएको छ। शेयर सदस्यले उत्पादन गरेको दुध तथा दुग्धजन्य पदार्थको बजारीकरण बिक्री वितरण गर्दै आएको सहकारी मार्फत उत्पादित छुर्पि विदेश निर्यात हुँदै आएको छ।

# प्रगतिटोल पोखरा-२९ मा योग शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कात्तिक

पोखरा महानगरपालिका वडा नं २९ मा रहेको प्रगति टोल विकास सस्था र सोही टोलमा रहेको ओमकारेश्वर शिव मन्दिर व्यवस्थापन तथा सत्सङ्ग समितिको संयुक्त आयोजनामा तथा पतञ्जली योग पीठ गण्डकी प्रदेशको सहयोगमा १५ दिने शिविर सुरु भएको छ।

"योग गरौं योग, रहौं निरोग" भन्ने उद्घोषका साथ टोलवासीहरुमा योगवारे चेतना जगाउन योग शिविर आयोजना गरिएको अध्यक्ष ललिन्द्र खड्काले वताए । ओमकारेश्वर शिव मन्दिर व्यवस्थापन तथा सत्सङ्ग समितिका अध्यक्ष समाजसेवी मोति गिरीले शिविरमा स्वागत गर्दै योग




दर्शनमा यम, नियम, आसन, प्राणायम, प्रत्याहार, धारणा, ध्यान र समाधि गरी आठ महत्वपूर्ण अङ्गहरु (अष्टाङ्ग योग) को चर्चा गरिएको वताए।

योग गुरु परमान्द भण्डारीले तनाव व्यवस्थापनका लागि योग उपयोगी रहेको भन्दै उच्च रक्तचाप भएका, साइटिका तथा मेरुदण्डसँग सम्बन्धित अन्य समस्याहरु भएका, वृद्ध तथा गर्भवती महिलाले पनि यसमा सावधानी अपनाउनु पर्नेमा जोड दिए।

टोलका उपाध्यक्षमा वीरबहादुर खत्री,सचिव विष्णुहरि पौडेल, संस्थाका निवर्तमान अध्यक्ष धर्मदत्त पौडेल लगायतले योग शिविरको सफलताको शुभकामना दिएका थिए भने ओमकारेश्वर शिव मन्दिरका पुजारी लक्ष्मण गौतमले दीप प्रज्ज्वलन गरी उद्घाटन गर्दै टोल विकास सस्थाले आफनो टोलको विकासका लागि नेतृत्वदायी भूमिका निभाउनु पर्ने सुझाव राखेका थिए। टोलका ३० बढी सहभागी रहेको शिविर मंसिर १० गतेसम्म चल्ने छ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौ, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदाती सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Uli 4130000876 | डालमाया तिवारी | पुतलीबजार-१०, स्याङजा |
| २ | Uli 4130000154 | अर्जित सुवेदी | पोखरा-२१, कास्की |
| ३ | Gli 0610015278 | मोती प्रसाद छन्त्याल | तमानखोला-१, वाग्लुङ |


# माउन्ट अन्नपूर्णमा खेल सप्ताह सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कात्तिक

पोखरा ३ नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक बिद्यालयमा खेल सप्ताह अन्तरगर्त रहेर बिभिन्न खेलकुदका कार्यक्रमहरु बुधबारबाट सुरु भएका छन्।

कार्तिक २९ गते सम्म सञ्चालन हुने वार्षिक खेल सप्ताह '२०८२' अन्तर्गत तिन दिने खेल सप्ताह सुरु भएको बिद्यालयका प्राचार्य सइन्द्रराज श्रेष्ठले बताए । खेलकुद कार्यक्रममा विद्यालयका पूर्वप्राथमिकदेखि कक्षा १० सम्मका विद्यार्थीले विभिन्न खेलमा प्रतिष्पर्धा गर्ने छन् । विद्यालयका अध्यक्ष सुरज प्रकाश प्रधानाङ्ग,प्राचार्य श्रेष्ठ ,प्रशासनिक प्रमुख चित्र गुरुङ र अतिरिक्त क्रियाकलाप निर्देशक तेज गुरुङले संयुक्त रूपमा झन्डोत्तलन तथा बेलुनमा ब्यानर



उडाएर संयुक्तरुपमा उद्धघाटन गरेका हुन्। अतिरिक्त क्रियाकलाप निर्देशक गुरुङले गुणस्तरीय शिक्षामा मुलुककै अग्रणी विद्यालयमा माउन्ट अन्नपूर्ण स्थापित भइसकेको बताए। उनले खेलकुद तथा रचनात्मक गतिविधिमा पनि अन्नपूर्ण अग्रपंक्ति रहेको उल्लेख गरे । खेलका नियम तथा खेल पोर्टकलको बारेमा सिए कोर्डिनेटर उमेश खनालले जानकारी गराएका थिए । प्रतियोगिता अन्तरगर्त पहिलो दिन इलाइट एकेडेमीमा छात्र छात्रा भलिवल, छेलो प्रतियोगिता सम्पन्न भएको छ भने, विद्यालय प्राङ्गणमा छात्र, छात्रा बास्केटबल सगै बिभिन्न प्रतियोगिताका खेलहरु भएको खेल सप्ताहका कोर्डिनेटर माधव भण्डारीले बताए । भण्डारीकाअनुसारबिहिबारपोखरा रंङशालामा ह्यान्डबल, रेस, लङजम्प जस्ता खेलहरु हुने भने शुक्रबार पोखरा रंङशालामा खेल सप्ताहको समापन हुने उल्लेख गरे।